माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८० कार्तिक •२१गते वसेको वैठकका निर्णयहरु देहायबमोजिम पारित गरियो ।

**निर्णयहरुः**

१. माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को महालेखा परीक्षकको डोर मुकाम खलङ्गाबाट खटि आएको टोलीबाट यस कार्यालयमा वुझाएको प्रारम्भिक प्रतिवेदन उपर व्यापक छलफल गरियो । प्रतिवेदनमा उल्लेख भएको असुल उपर गर्नुपर्ने, कागजात जुटाई नियमित गर्नुपर्ने वेरुजु सम्वन्धमा आफ्नो आफ्नो स्थानबाट वेरुजु प्रमाण जुटाउन सहयोग गरी सम्परीक्षणका लागि पेश गर्ने र सैद्धान्तिक वेरुजुलाई सुधार गर्दै लैजाने ।

२. यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ मा विनियोजन भएको जनतासंग स्थानीय सरकार कार्यक्रममा विनियोजन भएको रकम रु पैतालिस लाखबाट माण्डवी गाउँपालिका वडा नं ४ को फरिन्डेका खेतमा सिँचाई गराउन फरिन्डे पाईप खरिद योजनामा खर्च भएको रकम रु ५,२९,५०१/- रकम भुक्तानी गरी बाँकी आउने रकमबाट वडास्तरबाट योजना निर्माण गरी आगामी कार्यपालिका वैठकमा पेश गर्ने ।

३. माण्डवी गाउँपालिका अन्तर्गत संघ, यस माण्डवी गाउँपालिका र मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र विच भएको झोलुङ्गे पुल निर्माण सम्झौता रकमको १३ प्रतिशत हुन आउने रकम गाउँ सभाबाट अनुमोदन गर्ने गरी यस गाउँपालिकाको आन्तरिक श्रोतबाट व्ययभार हुने गरी वजेट विनियोजन गर्ने ।

४. यस गाउँपालिका वडा नं ४ स्थित श्री कामाक्षी माध्यमिक विद्यालय उदयपुरकोट कक्षा ११ को विषय परिवर्तनका लागि यस गाउँपालिकाको मिति २०८०/०७/१९ गते वसेको शिक्षा समितिको वैठकको निर्णयबाट सिफारिस भई आएकोले उक्त विद्यालयको कक्षा ११ मा तेस्रो विषय जनसंख्या (विषय कोड २२३१) अध्यापन गराउँदै आएकोमा उक्त विषयलाई परिवर्तन गरी शिक्षा र विकास (विषय कोड २०३१) कायम गराई अध्यापन गर्न स्विकृत प्रदान गर्ने

५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय संघीय मामिला शाखाबाट यस गाउँपालिकामा सिमाना सम्वन्धि कुनै समस्या भएको भए लेखि पठाउन पत्राचार गरे बमोजिम यस गाउँपालिकाका कुनै वडामा सिमाना सम्वन्धि कुनै समस्या भए नभएको व्यहोरा सहितको विवरण माग गरी पत्राचार गर्ने ।

६. मिति २०८० कार्तिक १७ गते शुक्रवारका दिन रातको समयमा जाजरकोट जिल्लाको वारेकोट केन्द्रविन्दु भएर गएको भुकम्पबाट यस गाउँपालिका भित्र भएको भौतिक क्षतिको वडा कार्यालय मार्फत विवरण संकलन गरी गाउँपालिकाको कार्यालयमा पेश गर्ने ।

७. गाउँपालिका अन्तर्गतका सम्पूर्ण शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था लगायतका कार्यालयहरुको दैनिक क्रियाकलाप, सेवा प्रवाह सम्वन्धमा व्यापक छलफल गरियो । साथै यस्ता कार्यालयबाट भएका राम्रा क्रियाकलाप आगामी दिनमा अनुसरण गर्ने र गलत क्रियाकलापहरुलाई सुधार गर्न निर्देशन दिने निर्णय गरियो । साथै माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८० असोज ५ गते वसेको वैठकले गरेको निर्णयहरुको सम्वन्धमा प्रत्येक निर्णयको कार्यान्वयनको समिक्षा गरियो । धैरै निर्णयहरु कार्यान्वयनमा गईसकेका तथा वाँकी निर्णय कार्यान्वयन सिघ्र गर्न गाउँपालिका प्रशासनलाई निर्देशन दिने ।

८. माण्डवी गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई जनमुखि, उत्तरदायि र प्रभावकारी वनाउनका लागि सेवा प्रवाहको नवीनतम प्रविधिमा जोड दिने ।

जितमित्र सुनार
प्रमुख
२०८०/०७/२७

CamScanner

९. यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत कार्यक्रम अन्तर्गतको अध्यक्ष कप खेलकुद कार्यक्रम मिति २०८० मंसीर १४ र १५ गते देखि सञ्चालन गर्ने निर्णय गरियो। अध्यक्ष कप सञ्चालन गर्दा अन्तर स्थानीय तह खुल्ला भलिवल प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरियो। साथै अध्यक्ष कप खेलकुल सञ्चालनका लागि तपसिल बमोजिको अध्यक्ष कप खेलकुद कार्यक्रम सञ्चालन तपसिल समिति गठन गर्ने निर्णय गरियो।

तपसिलः

| क्र स | पदाधिकारी/कर्मचारीको नाम | पद | कै |
|---|---|---|---|
| १ | प्रकाश वली | संयोजक | सामाजिक विकास समितिका संयोजक |
| २ | धनेन्द्र कार्की | सदस्य | ३ नं वडा अध्यक्ष |
| ३ | डिल बहादुर घर्ति मगर | सदस्य | ४ नं वडा अध्यक्ष |
| ४ | जितामित्र सुनार | सदस्य | कार्यपालिका सदस्य |
| ५ | कमला कामी | सदस्य | कार्यपालिका सदस्य |
| ६ | बलराम पौडेल | सदस्य | अधिकृत छैठौं |
| ७ | तुल्सी कार्की | सदस्य सचिव | शिक्षा शाखा प्रमुख |

१०. यस यस गाउँपालिकाको शिक्षा नीति निर्माण गर्नका लागि मिति २०८० मंसिर ९ गते कार्यशाला गर्ने।

११. मिति २०८० कार्तिक १७ गते शुक्रवारका दिन रातको समयमा जाजरकोट जिल्लाको वारेकोट केन्द्रविन्दु भएर गएको भुकम्पबाट क्षति पुग्न गएको जाजरकोट र रुकुम पश्चिमका भुकम्प पिडितलाई राहत स्वरुप रकम उपलब्ध गराउन गाउँपालिकाको विपद व्यवस्थापनकोष बाट रु ५,००,०००/- अक्षरेपी रु पाँच लाख र गाउँपालिका भित्र कार्यरत सम्पुर्ण कर्मचारीहरुको २ दिन वरावरको तलव र जनप्रतिनिधिहरुको २ दिन वरावरको सेवा सुविधाको रकम प्रधानमन्त्री दैवी उद्धार कोषमा जम्मा गर्ने निर्णय गरियो। साथै उक्त जिल्लामा भुकम्प परेर मृत्यु भएका नागरिक प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाईते व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने।

१२. माण्डवी गाउँपालिका अन्तर्गतका विद्यालयमा स्थानीय पाठ्यक्रममा आधारित सन्दर्भ सामग्री हाम्रो माण्डवी हाम्रो गौरव कक्षा १-४ विषयक स्थानिय पाठ्यक्रम मिति २०८० कार्तिक १९ गतेको शिक्षा समितिबाट स्वीकृतिका लागि पेश गरेकोले उक्त पाठ्यक्रम स्वीकृत गर्दै पाठ्यक्रम विकास केन्द्रले तोकेको स्पेसिफिकेसन बमोजिम हाम्रो माण्डवी हाम्रो गौरव कक्षा १-४ स्थानीय पाठ्यक्रम छपाई गर्ने।

जितामित्र सुनार
प्रवक्ता
२०८०/०८/२९